# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## नयाँगाउँ, प्युठान
## ५ नं. प्रदेश, नेपाल

**पत्र संख्या : २०७५/०७६**
**चलानी नं. :**

**फोन नं. : ९८५७८३६००६**
**मिति: २०७५/ १०/०७**


## युवा/व्यवसायिक मासु पसल सुधार कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७५/१०/०७**

यस कार्यालयको आ.व. २०७५/०७६को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यूवा/व्यवसायिक मासु पसलको अवस्था तथा गुणस्तर सुधारकालागि अनुदान कार्यक्रम रहेकाले ईच्छुक दर्तावाला ब्यवसायिक मासु पसलहरुले दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक यूवा/ व्यवसायिकले सरकारी निकायबाट विगत २ आर्थिक वर्ष सम्ममा नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका फार्महरु छनौट प्रक्रियामा समावेश हुने छैनन् । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पूनश्च: आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

**तपशिल:**

१.फेस हाउसको हालको अबस्था ।
२. ५० प्रतिशत अनुदान प्राप्त पश्चात गरिने कार्यको संक्षिप्त कार्ययोजना ।
प्रस्तावनाका साथ संलग्न गर्नुपर्ने अन्य कागजातहरु :
१. निबेदन सहित प्रस्ताव पेश बापतको दस्तुर रु. ५१०/- (पाँच सय दश)तिरेको रसिद ,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३.ब्यबसाय संचालन गर्ने स्थानको जग्गाको जग्गाधनि प्रमाणपत्रको प्रतिलिपि (भाडाको जग्गा भए कम्तिमा ५ बर्षको सम्झौता पत्र)
४. शैक्षिक योग्यता र तालिम को प्रमाणपत्र को प्रतिलिपि ( भएमा मात्र )
५. आन्तरिक राजस्व कार्यालय (पाना नं)/घरेलु कार्यालय तथा अन्य कुनै कार्यालयमा दर्ता भएको भए सो को प्रमाणपत्रको प्रतिलिपि ।
६. कार्यक्रम संचालन तथा सम्पन्न गर्ने प्रतिबद्दता पत्र
७.सम्बन्धित वडा कार्यालयको सिफारिस
८. कुनै संघ संस्था, समुह समितीमा रहेको भए सो को सिफारिस
९. .बैदेशिक रोजगारीबाट फर्केको भए पासपोर्टको प्रतिलिपि तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि।
१०. थप जानकारीको लागि सम्पर्क नं. ९८६८६९८२६१/९८१०८९२६२४

............
केशव गिरी
पशुसेवा शाखा संयोजक

शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत